महिला तथा बालबालिका बेचबिखन विरुद्ध सहकर्मी समुह-नेपाल
Alliance Against Trafficking in Women and Children in Nepal

मितिः २०७० मंसिर १३

श्री दिनेशहरि अधिकारीज्यू,
सचिव,
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय,
सिंहदरबार, काठमाडौं

# ज्ञापन-पत्र

**मानव बेचबिखन तथा ओसारपसार न्यूनीकरणकालागि आवश्यक पहलहरुको आवश्यकता सम्बन्धमा ।**

मानव बेचबिखन तथा ओसारपसार मानव सभ्यता विपरित निकृष्ट, जघन्य र घृणित अपराधका रुपमा हाम्रो समाजमा विद्यमान छ । बितेका ५–६ दशकदेखि यसको रोकथाम र नियन्त्रणका लागि अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा लगातार प्रयास भइरहेको भएता पनि अपराधको संख्या घट्न सकेको देखिादैन । मुख्यतः महिला र बालबालिका यसबाट सबैभन्दा पीडित र प्रभावित समूहका रुपमा देखिन्छन् । यौन तथा श्रम शोषणका लागि किशोरी तथा बालिकाहरुको बेचबिखन सबैभन्दा भयावह स्थिति छ । रोजगारीको खोजीमा स्वदेशमा, छिमेकी देशहरुमा र विदेशमा नेपाली महिला तथा पुरुषहरु कुनै न कुनै बहानामा यौन तथा श्रम शोषणमा परेका घटनाहरु सधैंको नियति भइसकेको छ ।

मानव बेचबिखनको न्युनीकरणका निम्ति सरकारी तहबाट नीति, कानुन, राष्ट्रिय कार्ययोजना तथा कार्यक्रमको निर्माण पनि भई रहेको अवस्था छ । ती कानुनहरु समसमायिक अवस्थाअनुसार मानवअधिकारमुखी दृष्टिकोणले परिमार्जन हुँदै जानु पर्दछ अनि मानव बेचबिखन न्यूनीकरण र प्रभावित/पीडितले न्याय पाउने सम्भावना हुन्छ । लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको सन्दर्भमा महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समुह नेपाल (एटविन) मानव बेचबिखन तथा ओसारपसारसंग सम्बन्धित निम्न महत्वपूर्ण विषयवस्तुमा मन्त्रालयका तर्फबाट आवश्यक पहल गर्नकालागि हार्दिक अनुरोध गर्दछ ।

**१) मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ र नियमावली २०६५ मा शंशोधनको आवश्यकता । (सुधार गर्नु पर्ने बुदाँहरु पत्रसँग संलग्न गरिएको छ ।)**

**२) मानव वेचबिखन विशेष गरी महिला तथा बालबालिकाहरुको बेचबिखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय कार्ययोजना २०६८ को प्रभावकारी कार्यान्वयन ।**

**३) संयुक्त राष्ट्रसंघको अन्तरदेशीय संगठित अपराधविरुद्धको महासन्धि अन्तर्गतको मानव विशेष गरी महिला तथा बालबालिकाको बेचबिखनलाई रोक्ने, दबाउने र सजायँ गर्ने यू एन प्रोटोकल (इच्छाधिन आलेख) लाई अविलम्ब अनुमोदन गरियोस् । (थप दस्तावेजहरु पत्रसँग संलग्न गरिएको छ ।)**

**४) श्रमजीवि महिलाहरुप्रति डान्स रेस्टुरेन्ट, डान्स बार जस्ता कार्यस्थलमा हुने यौन उत्पिडन नियन्त्रण गर्न जारी गरिएको निर्देशिका, २०६५ को प्रभावकारी कार्यान्वयन र यस सम्बन्धी ऐन निर्माणको पहल गरियोस् ।**

आगामी दिनहरुमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयका तर्फबाट उक्त विषयवस्तुमा गम्भीरतापूर्वक पहल गरिदिनु हुन्कालागि सचिवज्युलाई हार्दिक अनुरोध गर्दै यो ज्ञापन पत्र हस्तान्तरण गर्दछौं ।

Bimala

.......................
श्री विमला ज्ञवाली
अध्यक्ष
महिला तथा बालबालिका बेचबिखनविरुद्ध सहकर्मी समुह नेपाल (एटविन)

बोधार्थ NCCHT/MoWCSW

एटविन सचिवालय, काठमाडौं फोन नं. ९७७-१-४२४०७०९, ४२२९७८७ फ्याक्स नं. ९७७-१-४२४०७०९ पो.ब.नं. २४९६०
इमेल aatwin@ntc.net.np वेभसाइटः www.aatwin.org.np